कोशी प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
## योजना तथा अनुगमन शाखा
विराटनगर, नेपाल

प.सं. :- ०८२/८३

च.नं. :- ८८२

मिति :- वि.सं. २०८२/११/२८

ने.स. :- ११४६ चिल्लागा, ९ विहिवार

विषयः स्थानीय तहबाट आ.व.२०८३/०८४ मा प्रदेश समपुरक अनुदान अन्तर्गत संचालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

स्थानीय तह (१३७ वटा) सबै,कोशी प्रदेश

प्रस्तुत विषयमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४को दफा १०तथा कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१को दफा ३ले प्रदेश सरकारले स्थानीय तहलाई भौतिक पूर्वाधार विकाससँग सम्बन्धीत आयोजना वा कार्यक्रमको लागि समपूरक अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था गरेको छ ।ऐ.ऐ. कार्यविधिमा व्यवस्था भए वमोजिम प्रदेश सरकार र स्थानीय तहबीच सहकार्य तथा लागत साझेदारी हुने गरी तपसिलमा उल्लेखित विवरणको अधिनमा रहि विद्युतीय प्रणाली p1.csgrants.gov.np मार्फत २०८२ चैत्र मसान्तभित्र आयोजना वा कार्यक्रमको प्रस्ताव पेश गर्नुहुन उक्त कार्यविधिको दफा ४ बमोजिम यस मन्त्रालयको मिति २०८२/११/२८ गतेको (मा. मन्त्रीस्तर) निर्णयानुसार अनुरोध छ।

*थप जानकारीका लागि यस मन्त्रालयको वेवसाईट https:/moeap.koshi.gov.np/ मा हेर्न सकिने वा इमेल ठेगाना info.moeap@p1.gov.np वा grants.moeap@koshi.gov.np वा mob.no.९८४२०७०२१४ (बिशाल देव आचार्य) मा समेत सम्पर्क गर्न सक्नुहुनेछ।

तपसिल

१. स्थानीय तहका लागि लग-ईन गर्ने विवरणहरु (User ID/Password ) मन्त्रालयबाट यस अगाडी नै सम्बन्धित स्थानीय तहहरुलाई उपलब्ध गराई सकिएको हुँदा सोही विवरण प्रयोग गर्नुपर्ने छ।कुनै कारणवश Login नभएमा यस मन्त्रालयको ईमेल ठेगाना info.moeap@p1.gov.np वा grants.moeap@koshi.gov.np मा सम्बन्धित स्थानीय तहबाट आधिकारिक पत्रसहित ईमेल मार्फत Password Reset को लागि अनुरोध गर्न सकिनेछ।

२. समपूरक अनुदान सम्बन्धी आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा तोकिएको विद्युतीय प्रणाली www.p1.csgrants.gov.np मा गई विवरण भरी पेश गर्नुपर्ने छ।

३. आगामी आ.व. २०८३/०८४ का लागि स्थानीय तहले समपूरक अनुदानका आयोजना वा कार्यक्रमको प्रस्ताव अनिवार्य रुपमा २०८२ चैत्र मसान्त भित्र तोकिएको विद्युतीय प्रणाली मार्फत पेश गर्नुपर्ने छ।

४. स्थानीय तहले समपूरक अनुदान सम्बन्धी प्रस्ताव पेश गर्दा कोशी प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ मा व्यवस्था भएको रकमको सीमा भित्र देहाय बमोजिमको क्षेत्रमा दफा ४ बमोजिमको प्रकृया पुरा गरी पेश गर्नुपर्ने छ।

५. समपूरक अनुदान प्रदान गरिने क्षेत्रः

(क) कृषि उपजको प्रशोधन, भण्डारण र बजारीकरण,

(ख) खानेपानी तथा सरसफाई,

(ग) सिँचाई तथा नदी नियन्त्रण,

(घ) नवीनतम प्रविधिको प्रयोग गरी फोहोर मैलाको प्रशोधन र व्यवस्थापन,

(ङ) सामुदायिक विद्यालय भवन निर्माण,

(च) स्थानीय तहको प्रशासनिक भवन तथा वडा कार्यालय रहने भवन निर्माण,

(छ) स्थानीय आर्थिक विकासमा प्रत्यक्ष योगदान पुर्याउने पर्यटन पूर्वाधार निर्माण,

(ज) मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि गरिने पूर्वाधार निर्माण,

(झ) सौर्य,वायु,जैविक लगायतका वैकल्पिक ऊर्जा उत्पादन र विज्ञान तथा प्रविधिसँग सम्बन्धित पूर्वाधार,

(ञ) स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्थाजस्ता सेवा केन्द्र, औद्योगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक तथा सो अन्तर्गतको सडक पुल,

(ट) स्थानीय तह मातहत रहने स्वास्थ्यचौकी, अस्पताल तथा सोसँगसम्बन्धित पूर्वाधार,

(ठ) विद्युत सेवाबाट बञ्चित रहेको तथा राष्ट्रिय प्रसारण लाइनको पहुँच नभएको क्षेत्रमा कार्यान्वयन गरिने विद्युत उत्पादन तथा प्रसारण,

(ड) विपद्बाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार निर्माण,

(ढ) नेपाल सरकार वा प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा संघ,प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी निर्धारण गरिएको आयोजना वा कार्यक्रम,

(ण) स्थानीय स्तरमा रोजगारी प्रवर्द्धन, उत्पादन वृद्धि, सौन्दर्यकरण तथा राजस्व वृद्धिमा सहयोग पुग्ने आयोजना वा कार्यक्रम।

६. यस सूचनामा उल्लेख नभएका अनुदान माग सम्बन्धी अन्य विषय प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०८१ मा व्यवस्था भए बमोजिम हुनेछ।

७. समपूरक अनुदानका लगि आयोजना छनौट भए पश्चात सो को कार्यान्वयन उल्लेखित कार्यविधि तथा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Anita Ghimire
anisilgt@gmail.com

(अनिता घिमिरे)
सहायक अधिकृत

बोधार्थः
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश
रोडशेष चौक, विराटनगर